# मुनि मणिभद्रजी महाराज

( Muni Manibhadraji maharaj )

( संक्षिप्त परिचय )

रवीन्द्र माकाजू

# मुनि मणिभद्रजी महाराज

( Muni Manibhadraji maharaj )


लेखक : रवीन्द्र माकाजू

इमेल : rabindra.makaju@gmail.com



सर्वाधिकार : लेखकमा



प्रथम प्रकाशन : २०६७ माघ / नेपाल संवत ११३१

प्रकाशन संख्या : ५०० प्रति

प्रकाशक : मानवमिलन नारी जागरण नेपाल

सहयोग : ५५/-

कम्प्युटर : संगी लामा 9841108167

(गुरुङ प्रिन्ट सेन्टर, बागबजार, काठमाडौं)

मुद्रण : हिमालय अफसेट प्रेस

नयाँ बजार, पोखरा

# समर्पण !



**शान्ति, अहिंसा र मानवताका प्रतिमूर्ति**
**भगवान् श्री महावीरको चरणकमलमा**
**यो पुस्तक समर्पित गर्दछु ।**

**– लेखक**

# मंगलमय शुभकामना

सनातन धर्म सेवा समिति कास्कीका अध्यक्ष रवीन्द्र माकाजूले जैन सन्त मणिभद्रजी महाराजको जीवनीलाई पुस्तकको रुप दिन लाग्नु भएको सुनेर मलाई साह्रै खुशी लागेको छ ।

समाजमा सत्कार्य गर्ने र मार्ग निर्देशन गर्ने व्यक्तिहरुलाई हौसला दिन माकाजूले थुप्रै पुस्तक लेख्नु भएको रहेछ । झन् त्यसमा पनि शील, ज्ञान र प्रज्ञाले सु-सज्जित जैन मुनि मणिभद्रजी महाराजको जीवनी लेखेर साधुसन्त, भिक्षु लामाहरुको मात्रै सम्मान नभएर ऊँकार परिवारलाई एकत्रित पार्ने काम समेत भएको छ । यसबाट धार्मिक संहिष्णुता र समन्वयनको महत्वपूर्ण कार्य भएको छ ।

श्रद्धेय मुनि मणिभद्रजी त्याग, तपस्या र ज्ञानका कारण एक उदाहरणिय र प्रेरक व्यक्तित्व हुनुहुन्छ । भगवान महावीरका परमशिष्य मात्र नभई उहाँ एक सुयोग्य गुरु पनि हुनुहुन्छ । उहाँ नेपाल केशरी पदबाट भारतमा विभूषित हुनुहुन्छ । म यस पावन अवसरमा उहाँको दीर्घायु र उत्तरोत्तर प्रगतिको लागि कामना पनि गर्न चाहन्छु ।

भवतु सब्ब मंगलम् !

मिन गुरू
महासचिव
नेपाल लामा संघ
केन्द्रीय कार्यालय पोखरा

# प्रकाशकीय

मानव मिलन नारी जागरण संस्था स्थापनाका प्रेरणाश्रोत बन्दनिय जैन सन्त श्री मणिभद्रजी महाराजको जीवनी प्रकाशन गर्न पाउँदा हामी हर्षित एवं आनन्द विभोर भएका छौं ।

उहाँले १४ वर्षको कलिलै उमेरमै भारतमा गई आध्यात्मिक दीक्षा ग्रहण गरी मित्र राष्ट्र भारतको २२ राज्यमा लगातार २५ वर्षसम्म विभिन्न ठाउँमा पटक/पटक ७० हजार कि.मी. भन्दा धेरै पैदल भ्रमण-पदयात्राबाट मानविय विकासका लागि उपयोगी शिक्षा, आध्यात्मिक विचार गोष्ठी, अहिंसा र शान्तिका कार्यक्रम, वातावरण-पर्यावरणका प्रकृति रक्षाको बारेमा छलफल, वैज्ञानिक योग साधनाको सम्बन्धमा अन्तरक्रिया गर्दै वर्षको ८ महिना भ्रमण र ४ महिना चतुर्मास उपबासमा रही सक्नु भएको छ । सधैं सेवामा समर्पित, शान्तिका प्रचारक एवं आध्यात्मिक साधनाका अग्रज गुरू मणिभद्रजी मुनि महाराज जन्मभूमिमा तीन पटक प्रवेश गरी कोशीदेखि महाकालीसम्मको पदयात्रामा सहभागी हुनुभई, शान्तिको सन्देश छर्दै नेपाल आमाको सेवामा जुट्नु भएको छ । यहाँ रहँदा धार्मिक-आध्यात्मिक कार्यक्रम, सर्वधर्म समभाव गोष्ठी, मानव मिलन केन्द्रका उद्देश्य परिपूर्ण हेतु प्रवचन, शान्ति र अहिंसाका लागि अनेकान्त बादको चिन्तन-मननद्वारा चर्चा-परिचर्चामा सदा तत्पर रही क्रियाशील हुनुहुन्छ । शान्ति पदयात्रामा सबैलाई स्वागत र सम्मान दिंदै मानव कल्याणकारी मार्गमा प्रवेशका लागि आह्वान तथा अनुरोध गर्दै सहयोग-सहकार्यबाट प्राण अप्राणको सरलता-तरलतामा महसुश गर्नुहुन्छ ।

अन्तमा, मानव मिलन संस्थाका संस्थापक मणिभद्रमुनि जी महाराजको विभिन्न पुस्तकहरू प्रकाशनमा ल्याईसक्नु भएका सहयोगी सनातन धर्म सेवा समितिका अध्यक्ष रवीन्द्र माकाजू प्रति मानव मिलन नारी जागरण हार्दिक आभार ब्यक्त गर्दै आगामी दिनहरूमा समेत पूर्ण सहयोगको अपेक्षा राख्दछौं ।

साथै यस पुस्तक प्रकाशन गर्न सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी शुभचिन्तक विभिन्न धर्मालम्बी, पत्रकार, बुद्धिजिवी सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

सावित्री शर्मा
अध्यक्ष
मानव मिलन नारी जागरण नेपाल
पोखरा

०६७ माघ १

# लेखकको भनाइ

यो संसार अनित्य र परिवर्तनशील छ । देखेका मान्छेलाई भेट्न नपाउनु र नदेखेका मान्छेलाई भेट्न पाउनु सायद परमात्माको अनुग्रह हुनुपर्छ । जीवनमा मैले कहिले सोचेको थिइन एक जना सन्त संग यसरी आत्मीयता होला भनेर । मणिभद्रजी महाराज संग भएको मेरो आत्मीय सम्बन्ध प्रगाढ मित्रतामा परिणत भएको छ । सौभाग्यवस आज म उहाँको जीवनी लेख्दैछु । उहाँका दुई पुस्तक अनुवाद गर्ने सौभाग्य पनि पाएको छु । यति मात्र होइन उहाँबाट सहयोग, सदभाव र मार्ग निर्देशन पाएको छु । उहाँ मेरो परम आदरणानिय गुरु पनि हुनुहुन्छ । मेरो निजी बिचारमा उहाँ महान सन्त हुनुहुन्छ । उहाँ त्यागी र वैरागी हुनुहुन्छ एउटा असल साधुमा हुनुपर्ने सम्पूर्ण गुणहरु विद्यमान छन । उहाँ एक आर्दश व्यक्तित्व हुनुहुन्छ । कतिपयले उहाँलाई अनमोल रत्न पनि भन्ने गर्दछन । मणिभद्रजी महाराज स्वयं मानव शरीर परमात्माको दिव्य मन्दिर ठान्नुहुन्छ । समाजले मणिभद्रजी महाराजको बिचार भावना सुन्ने हो भने सारा झैझगडा वैमनष्यता नष्ट हुन्छ । उहाँबाट समाजले धेरै ज्ञान प्राप्त गर्न सक्दछ । यती धेरै माथि उठेका एक नेपाली सन्तका बारेमा पुस्तक लेख्न पाउनु अहोभाग्यको विषय हो । परमात्माको कृपा ठान्नु पर्छ मैले । मणिभद्र गुरुको आशिर्वाद ठान्नु पर्छ मैले । मणिभद्रजी व्यक्ति मात्र होइनन् राष्ट्रका अनमोल सम्पत्ति पनि हुन । चिन्न सके हामी गरीब छैनौ, सम्पन्न छौं यस्ता अनमोल रत्न पाएर । नेपाली समाजमा जिउँदो हुँदा वेवास्ता गर्ने र मरे पछि रुने प्रवृति सर्वत्र देखिन्छ जुन कदापी राम्रो होइन । यस्ता रत्नहरुलाई खुसी र उमंग दिने काम समाज र राष्ट्रले गर्नुपर्छ । सन्तहरु तीर्थ समान हुन यिनीहरु जहाँ जहाँ पुग्छन त्यहाँ त्यहाँ खुसी र उमंग पुग्ने गर्दछ । मणिभद्रजी महाराजका विषयमा धेरै कुरा समेट्न नसकीय पनि केही सामान्य जानकारी दिन यो पुस्तक सहयोगी होला भन्ने मैले सोचेको छु ।

यस पुस्तक प्रकाशन गर्नका लागि मानव मिलन नारी जागरण नेपाल पोखराले गरेको सहयोग प्रसंशनिय छ । यसका लागी म हृदय देखि धन्यवाद दिन चाहन्छु । त्यस्तै शुभकामना दिएर उर्जा थपिदिनु हुने श्रद्धेय लामा मिन गुरु, सम्पादन सहयोगी आत्मीय मित्र यज्ञप्रसाद वास्तोला, कम्प्युटर सेटीङ्ग गरी सहयोग गरिदिनु हुने भाइ संगी लामा लगायत सबै प्रति कृतज्ञता व्यक्त गर्दै यहाँहरु सबैको सुस्वास्थ एवं दीर्घायुको मंगलमय कामना गर्दछु ।

– रवीन्द्र माकाजू